# प्रथम अध्यक्षता र भेट गर्ने शिक्षिकाको सन्देश, जुन २०१३

# प्रथम अध्यक्षताको सन्देश

## परिधि भित्र हिँड्ने

**अध्यक्ष डिटर एफ् उक्डोर्फद्वारा**

**प्रथम अध्यक्षतामा दोस्रो सल्लाहकार**

के तपाईंले वयस्कहरूले हराउने मानिसहरू परिधिमा भड्किन्छन् भनेर सुन्नुभएको छ ?

जान एल् साउमेन, एक जर्मन मनोविज्ञ यो सत्य हो कि होइन भनेर वैज्ञानिक रूपमा प्रमाणित गर्ने निश्चय गरे । उनले एक प्रयोगका लागि सहभागीहरूलाई विशाल जङ्गल क्षेत्र र सहारा मरभूमिमा लगे र तिनीहरू कहाँ गए भनेर एकिन गर्न एक विश्वव्यापी विधि उपयोग गरे । तिनीहरूसँग कम्पास वा अन्य उपकरण थिएनन् । तिनीहरूका लागि निर्देशन साधारण थिए: निर्दिष्ट गन्तव्यको एक सभ्को लाइनमा हिँड ।

डा. साउमेनले पछि के भयो भनेर वर्णन गर्नुभयो । “ती मध्ये (केही) सूर्यलाई बादलले छोपेको बादलयुक्त दिनमा हिँडे ( र कुनै पनि सन्दर्भ बिन्दु देखिएको थिएन) । ... (तिनीहरू) सबै परिधिमा भड्किए, (धेरैजसो) बिना जानकारी आफ्नै बाटोमा दोहोऱ्याई दोहोऱ्याई हिँडे ।” अरू सहभागीहरू टाढाटाढासम्म सन्दर्भ बिन्दु देखिने गरी घाम लागेको समयमा हिडे । “यिनीहरूले करीब करीब पूर्ण सोझो बाटो अनुशरण गरे ।”१

यो अध्ययनलाई अरूहरूद्वारा फरक विधिसहित दोहोऱ्याइएको छ ।२ सबैको उस्तै परिणाम आयो ।

स्पष्ट निशानाबिना मानव जाती परिधिमा भड्किन सक्छन् ।

धर्मशास्त्रहरूका निशाना

आत्मिक निशानाबिना मानव जाती समेत भड्किन्छ । परमेश्वरका वचनबिना हामी परिधिमा भड्किन्छौं ।

व्यक्ति र समाज दुबैका रूपमा सुरूदेखि नै यही नमूना पटक पटक दोहोरिएको कुरा हामी देख्छौं । जब हामीले परमेश्वरका वचनको दृष्टि गुमाउँछौं हामी हराउन थाल्छौं ।

परमप्रभुले लहीलाई उनका छोराहरूलाई काँसका पाताहरू ल्याउनका लागि पुन: येरूसेलम पठाउनुमा नि:शन्देह यही कारण थियो । परमेश्वरले लहीका वंशलाई भरपर्दो निशाना सन्दर्भका बुँदाहरू आवश्यक छन् भनेर थाहा पाउनुभयो जसलाई तिनीहरूले तिनीहरू सही मार्गमा छन् कि छैनन् भनेर थाहा पाउनका लागि तिनीहरूले उपयोग गर्न सक्ने निर्देशन प्रदान गर्थ्यो ।

धर्मशास्त्रहरू परमेश्वरका वचन हुन् । तिनीहरू परमेश्वरका निशाना हुन् जसले हाम्रा मुक्तिदाता नजिक पुग्न र योग्य लक्ष्यहरू प्राप्त गर्नका लागि हामीले यात्रा गर्नु पर्ने बाटो देखाउँछन् ।

साधारण सम्मेलनका निशानाहरू

हामी सही बाटोमा छौं कि छैनौं भनेर थाहा पाउन सहयोग गर्ने अर्को निशाना साधारण सम्मेलनमा दिइएका निर्देशनहरू हुन् ।

यदाकदा मैले आफूस्वयंलाई सोध्छु, “के मैले चर्चको हालसालैको साधारण सम्मेलनमा बोल्ने पुरूष र महिलाहरूका वचनहरूलाई सुनें ? के मैले उहाँहरूका वचनहरूलाई दोहोऱ्याएर पढें ? के मैले तिनलाई मनन गरें र मेरो जीवनमा लागु गरें ? वा केवल म उत्तम वक्तव्यहरूमा रमाएँ र मेरो व्यक्तिगत जीवनमा उहाँहरूको प्रेरणादायी सन्देशलाई लागु गर्न बेवास्ता गरें ?”

हुनसक्छ तपाईंले सुन्दा वा पढ्दा एक वा दुई बुँदा अभिलेख गरेको हुन सक्नुहुन्छ । सम्भवतया तपाईले अझै राम्रो वा फरक गर्ने प्रतिवद्धता गर्नुभएको थियो । गएको साधारण सम्मेलनका सन्देशहरूका बारेमा सोच्नुहोस् । धेरैले हामीलाई हाम्रो परिवारलाई मजबुत बनाउन र हाम्रो विवाहलाई सुधार गर्न प्रोत्साहन गर्नुभएको थियो ।

के हामीले यी बहुमूल्य निर्देशनलाई अभिलेख राखी अनुशरण गरेका छौं ? के हामी यी वास्तविक र महत्वपूर्ण निशानाहरूलाई व्यवस्थित गरी तिनीहरू तिनीहरूतर्फ हिँड्का छौं ।

भड्किनुबाट बचाउने विषहरक

सोझो र साँघुरो बाटोमा हामीलाई राखिरहन आत्मिक निशानाहरू अपरिहार्य छन् । तर केवल हामीले तिनीहरूलाई

व्यवस्थित गऱ्यौं र तिनीहरूका तर्फ हिँड्यौं भने तिनीहरूले हामीले हिड्नु पर्ने बाटोका बारेमा स्पष्ट दिशातर्फ निर्देशित गर्छन् ।

यदि हामीले यी निशानाहरूद्वारा निर्देशित हुने कुरालाई अस्वीकार गऱ्यौं भने तिनीहरू अर्थहीन, आलङ्कारिक समूह हुन्छन् जसको कुनै उद्देश्य छैन तर छितिजको विशालतालाई विच्छेदित गराउँछन् ।

केवल हाम्रो स्वाभाविक ज्ञानमा मात्रै निर्भर हुनु पर्याप्त होइन ।

उत्तम इरादा हुनु मात्रै पर्याप्त होइन ।

हाम्रो प्राकृतिक चेतनामा मात्रै निर्भर रहनु उपयुक्त होइन ।

हामीलाई निर्देशित गर्ने सही निशानाबिना नै हामीले एक सोझो आत्मिक बाटो अनुशरण गरिरहेका छौं भनेर हामीले सोचे तापनि आत्माको निर्देशनबिना हामी भड्किन पनि सक्छौं ।

त्यसैले हामी हाम्रा आँखाहरू खोलौं र हाम्रा उदार परमेश्वरले उहाँका सन्ततीहरूलाई प्रदान गर्नुभएको निशानालाई हेरौं । हामी वास्तविक अभिप्रायका साथ प्रार्थना गरौं र आत्माको प्रोत्साहनलाई सुनौं र अनुशरण गरौं । एक पटक हामीले स्वर्गमा रहनुहुने हाम्रा प्रिय पिताद्वारा प्रस्ताव गरिएका आत्मिक निशानाहरूलाई चिन्यौं भने हामीले तिनीहरूका माध्यमबाट गन्तव्य तय गर्नुपर्छ । जसै हामी आत्मिक निशानातर्फ हामीस्वयंलाई उन्मुख गराउँछौं हामीले निरन्तरको गन्तव्य पनि अङ्कित गर्नुपर्नेहन्छ ।

यो तरिकाले हामी परिधिमा भड्किँदैनौं तर दृढता र निश्चितताकासाथ ख्रीष्टको चेला भएको नाताले सोझो र साँघुरो बाटोमा हिँड्नेहरूको जन्मसिद्ध अधिकारका रूपमा रहेको महान् स्वर्गीय आशीष तर्फ अगाडि बढ्छौं ।

## सूचीहरू

१. हेर्नुहोस् जान एल् साउमेन र अन्य "Walking in Circles," *Current Biology* 19 (Sept. 29, 2009), 1538, cell.com/current-biology/issue?pii=S0960-9822(09)X0019-9.

२. हेर्नुहोस् उदाहरणका लागि "A Mystery: Why Can't We Walk Straight?" npr.org/blogs/krulwich/2011/06/01/131050832/a-mystery-why-can-t-we-walk-straight.

## यो सन्देशबाट सिकाउने

जसै तपाइँले यो सन्देशबाट पढाउनका लागि तयारी गर्नुहुन्छ, तपाइँ आत्मिक निशानाद्वारा अगुवाइ गरिएका मानिसको वा परिधिमा भुल्ने मानिसहरूको उदाहरण भएका धर्मशास्त्रहरूको खोजी गर्न सक्नुहुन्छ । तपाइँ तपाइँको अध्ययनलाई यी धर्मशास्त्रहरूका माध्यमबाट सुरू गर्न सक्नुहुन्छः सङ्ख्या १४:२६-३३; १ नफी १६:२८-२९; आल्मा ३७:३८-४७ । यदि तपाइँले प्रोत्साहित भएको महसुस गर्नुभयो भने तपाइँले सिकाउनेहरूसँग तपाइँ अन्तरदृष्टिका यी उदाहरणहरू बाढ्न सक्नुहुन्छ । यी कथाहरूबाट हामीले के सिक्न सक्छौं भनेर तिनीहरूलाई सोध्नुहोस् ।

## अध्यक्ष थमस एस् मनसन

अध्यक्ष उक्डोर्फले साधारण सम्मेलन र धर्मशास्त्रहरूलाई निशानाका रूपमा वर्णन गर्नुहुन्छ जसले हामीलाई आत्मिक बहकाउबाट बचाउन सहयोग गर्छन् । तपाइँको जीवनमा प्रभाव पार्ने र तपाइँको जीवनलाई निर्देशित गर्ने अन्य आत्मिक निशानाहरूका बारेमा मनन गर्नुहोस् । तपाइँको अनुभवलाई तपाइँको दैनिकीमा लेख्नुहोस् । अध्यक्ष थमस् एस् मनसनका यी उद्धरणले तपाइँलाई सहयोग गर्न सक्छन् ।
" तपाइँको कुलपिताको आशीषले तपाइँलाई अन्धकार रातमा पनि निर्देशन गर्नेछ । यसले तपाइँलाई जीवनका खतराहरूमा निर्देशन दिनेछ । … तपाइँको आशीष राम्ररी पट्याएर राख्नका लागि होइन । यो फ्रेममा सजाउन वा प्रकाशन गर्नका लागि पनि होइन, त्यो भन्दा पनि यो पढ्का लागि हो । यो मन पराउनका लागि हो । यो अनुशरण गर्नका लागि हो ।"
"Your Patriarchal Blessing: A Liahona of Light," *Ensign,* नोभे. १९८६, ६६ ।
"साधनहरू प्रदान नगरीकन स्वर्गमा रहनुहुने हाम्रा पिताले हाम्रो अनन्त यात्रा तय गर्नुभएको थिएन जसका कारण हाम्रो सुरक्षित पुनरागमनलाई सुनिश्चित गर्न हामी उहाँसँग निर्देशन प्राप्त गर्न सक्छौं । म प्रार्थनाका बारेमा कुरा गर्छु । म त्यो अन्तरध्वनीबाट आउने सानो ध्वनीका बारेमा पनि कुरा गर्छु ।"
"The Race of Life," *Liahona,* मे २०१२, ९२ ।
मैले मेरो बाटो पत्ता लगाउन सक्छु
अध्यक्ष उक्डोर्फ भन्नुहुन्छ कि हामीले आत्मिक निशाना अनुशरण गर्नुपर्छ किनकि तिनीहरूले हामीलाई सही कुरा छनोट गर्न र मुक्तिदाताको नजिक आउन सहयोग गर्नेछन् । यी निशानाहरू मध्येका केही निशानाहरू प्रार्थना, धर्मशास्त्रहरू, साधारण सम्मेलन र *Liahona* हुन् । आफ्नो परिवार सँगै भर्खरै सम्पन्न भएको साधारण सम्मेलनको एउटा वक्तव्य पढ्नुहोस् । सही बाटोमा रहन हामीले गर्ने कुराहरूका बारेमा वक्ताले के सुझाव दिनुहुन्छ? आफूले सिकेका कुराहरू व्यवहारमा ल्याउन तपाइँको परिवारसँगै लक्ष्य तय गर्नुहोस् ।

© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१२ । अनुवाद अनुमोदनः ६/१२ । प्रथम अध्यक्षताको सन्देश, March 2013 को अनुवाद । भाषा Nepali 10666-372

# भेट गर्ने शिक्षिकाको सन्देश
# पारिवारिक इतिहासमा खुशी

प्रार्थनापूर्वक यो पाठ्य सामाग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल गर्नुहोस् । तपाईंका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीवनको एक सक्रीय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् । **थप जानकारीका लागि, reliefsociety.lds.org मा हेर्नुहोस् ।**

बाह्र प्रेरित गणका एल्डर रसेलद एम् नेल्सनले सिकाउनु भयो कि एलियाको आत्मा "परिवारको दैवी प्रकृतिका बारेमा पवित्र आत्माको साक्षी बहनको एक प्रक्रिया हो ।"१

खीष्टको पुनरुत्थापित चर्चको सदस्यका रूपमा हामीसँग हाम्रा पूर्खाहरूको खोजी गर्ने र उहाँहरूलाई सुसमाचारका मुक्तिका विधिहरू प्रदान गर्ने करारयुक्त दायित्व छ । हामीबिना उहाँहरूलाई "पूर्ण बनाइन सकिँदैन" (हिब्रू ११:४०) र "न त हामी हाम्रा मृतकहरूबिना पूर्ण बनाइन नै सक्छौँ"

(सि र क १२८:१५) ।

पारिवारिक इतिहासको कार्यले हामीलाई अनन्त परिवारको आशीष प्राप्त गर्न अनि हाम्रो आस्था र व्यक्तिगत धार्मिकता बढाउन तयारी गर्छ । पारिवारिक इतिहास चर्चका उद्देश्यको महत्वपूर्ण भाग हो र सबैका लागि मुक्ति र उन्नयनका कार्यलाई प्रसस्तता दिन्छ ।

अध्यक्ष बोइड के प्याकर, बाह्र प्रेरित गणका अध्यक्षले भन्नुभयो: "जब हामी हाम्रो आफ्नै धारमा खोजी गर्छौं हामी नाममा मात्रै नभई अरू कुराहरूमा पनि हाम्रा रूची हुन्छ । ... हाम्रो रूचीले हाम्रो हृदय हाम्रा पिताहरू तर्फ फर्काइदिन्छ–हामी उहाँहरूलाई पत्तालगाउन अनि उहाँहरूलाई चिन्न र सेवा गर्न

खोज्छौँ ।"२

### धर्मशास्त्रहरूबाट

मलाकी ४:छ-६; १ कोरिन्थी १५:२९; सि र क १२४:२८-३६; १२८:१५

### हाम्रो इतिहासबाट

अगमवक्ता जोसेफ स्मिथले सिकाउनुभयो, "यो संसारमा परमेश्वरले हामीलाई सुम्पिनु भएको महान् उत्तरदायित्व भनेको नै हाम्रा मृतकहरूका बारेमा खोजी गर्नु हो ।"३ हाम्रा बितिसकेका पूर्खाहरूका लागि हामीले मन्दिरमा उहाँहरूको नाममा सेवा गर्न सक्छौँ र उहाँहरूका लागि आवश्यक विधिहरू प्रदान गर्न सक्छौँ ।

१४ वर्षका छोरा गुमाएका नभू इलेनाइसका सेली रेण्डलले अनन्त परिवारको प्रतिज्ञामा महान् सान्त्वना पाइन् । उनका पति तिनीहरूका छोराका लागि बप्तिस्मा गराइए पछि उनले आफ्ना नातेदारहरूलाई लेखिन्: "यो कस्तो महिमित कुरा हामी ...ले हाम्रा पूर्खाहरूका बारेमा जति पछाडि सम्मको ज्ञान पाउन सक्छौँ त्यति नै पछाडि सम्मका हाम्रा सबै मृत पूर्खाहरूलाई बप्तिस्मा दिइएर हामी तिनीहरूलाई रक्षा गर्न सक्छौँ ।" त्यसपछि तिनले यसो भन्दै उनका नातेदारहरूलाई तिनीहरूका पूर्खाहरूका बारेमा जानकारी पठाउन भनिन्, "(हाम्रो परिवार) को रक्षा गर्न म मैले सक्ने जति गर्न चाहन्छु ।"४

### सूचीहरू


१. रसल एम् नेल्सन, "A New Harvest Time," *Liahona*, जुलाई १९९८, ३४

२. बोइड के प्याकर, "Your Family History: Getting Started," *Liahona*,नोभे. २०११, १७

३. *Teachings of Presidents of the Church: Joseph Smith* (2007), 475.
(२००७), ४७५ ।

४. हेर्नुहोस् Daughters in My Kingdom: The History and Work of Relief Society (२०११), २०-२१ ।


मैले के गर्न सक्छु ?

१. मैले हेरचाह गर्ने दिदीबहिनीहरूलाई पारिवारिक इतिहास राख्न मैले कसरी सहयोग गर्न सक्छु ?

२. के मैले व्यक्तिगत इतिहास अभिलेख गरेको छु ?


© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदन: ६/१२ । अनुवाद अनुमोदन: ६/१२ । भेटगर्ने शिक्षीकाको सन्देश, March 2013 को अनुवाद । भाषा Nepali 10666-372